नक्सा पास नभइ तथा प्रमाणीकरण नभएका तर निर्माण भइसकेका भवनहरुको तथ्याङ्क संकलन सम्वन्धी

नेपालगञ्ज उप-महानगरपालिकाको

अत्यन्त जरुरी सूचना

मितिः २०८१।०१।२०

नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०।११।२२ गते र पूर्वाधार विकास समितिको मिति २०८०।११।४ गतेको निर्णय बमोजिम नेपालगञ्ज उप-महानगरपालिका भित्र नक्सा प्रक्रियामा आई वा नआई बनिसकेका तर प्रमाणीकरण तथा नक्सा पास हुन बाँकी रहेका भवनहरुको एकिन हुन नसकेको कारणले कुन भवन कहिले बनेको हो भन्ने एकिन गर्न गाह्रो हुने तथा नक्सापास नगरी हाल पनि मापदण्ड बिपरित भवनहरु निर्माण भइरहेको हुँदा भवन बनिसकेको तर प्रमाणीकरण तथा नक्सा पास नभएका भवनहरुको तथ्याङ्क कार्यालय प्रयोजनका लागि संकलन गरिने भएकाले तपशिल बमोजिमको कागजात, भवनको फोटो र माग भए अनुसारको बिवरण सहितको निवेदन यस कार्यालयमा २(दुई) महिना भित्र पेश गर्नहुन सम्बन्धित घरधनीहरुको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

तपशिल,

क) आवश्यक बिवरण

१. जग्गाधनीको नाम :-

२. वडा नं. :-

३. टोलको नाम :-

४. सम्पर्क व्यक्ति :-

५. सम्पर्क नं. :-

६. भवन बनेको मिति :-

७. तला संख्या :-

८. भवनको प्रकार (पिल्लर सहितको /बिना पिल्लरको/अन्य),

९. साबिक गा.बि.स. बाट वडामा परिणत भएको वडावासीले आफ्नो नक्सा प्रक्रिया कुनै प्रकारको स्वीकृति लिए नलिएको खुलाउने,

१०. पुरानो नगरको रुपमा रहेका वडा नं. १ देखि १२ सम्मका वडाबासीहरुले नक्सा प्रक्रिया कारवाही चलाएको वा नचलाएको खुलाउने।

ख) पेश गर्नु पर्ने कागजात

१. जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. सम्बन्धित वडा कार्यालयको सिफारिस,

४. आ.व. ०८०।८१ को तिरो तिरेको रसिदको प्रतिलिपि,

५. भवनको फोटो ।

२०८१।०१।१८

.................................

प्रमुख प्रशासकीय अधिकृत

नेपालञ्ज उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय